Food and Agriculture Organization of the United Nations

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

How can **Codex standards** help tackle foodborne antimicrobial resistance (**AMR**)?

Action to support implementation of **C**odex AMR **T**exts (ACT)

Codex र यसको AMR मा भूमिका

विश्वव्यापी रुपमा खाद्य आपूर्तिलाई स्वच्छ र सुरक्षित राख्ने

अन्तर्राष्ट्रिय खाद्य मापदण्ड (International Food Standard) ले राष्ट्रहरुलाई आ-आफ्नो देशको खाद्य गुण नियन्त्रण कार्यक्रम स्थापना र सन्चालन गरी उपभोक्ताको स्वास्थ्य रक्षा गर्न आधार प्रदान गर्दछ। कोडेक्स अलिमेन्टारियस कमिशन (Codex Alimentarius Commission) ले विभिन्न विचार र अवधारणाहरुलाई समेट्दै विज्ञानमा आधारित मापदण्डमा सबै पक्षको आवाजलाई सहमतिमा ल्याउन सक्छ ।

Codex Alimentarius Commission (CAC) के हो?

खाद्य तथा कृषि संगठन (Food and Agriculture Organization) र विश्व स्वास्थ्य संगठन (World Health Organization) ले संयुक्त रुपमा सन् १९६३ मा विश्वव्यापी रुपमा खाद्य स्वच्छता र गुणस्तरका विषयमा छलफल गर्ने मंचको रुपमा CAC स्थापना गरेको थियो। Codex Alimentarius वा "फुड कोड" FAO/WHO अन्तर्गतका विज्ञ समूहहरुले वैज्ञानिक तथ्यका आधारमा निर्धारण गरेका अन्तरराष्ट्रिय रुपमा अंगिकार गर्न सकिने खाद्य मापदण्डहरु, कार्यविधिहरु र आचार संहिताहरुको संग्रह हो। यसको मुख्य उद्धेश्य स्वच्छ र गुणस्तरीय खाद्य पदार्थबाट उपभोक्ताको स्वास्थ्य रक्षा गर्ने र स्वस्थ खाद्य व्यापार एवं व्यवसायको सुनिश्चितता गर्ने रहेको छ। CAC मा १८९ सदस्यहरु (१८८ राष्ट्रहरु र युरोपियन संघ (European Union)) र २४० पर्यवेक्षकहरु (संयुक्त राष्ट्र (UN) संघहरु, मापदण्ड निर्धारण गर्ने संगठनहरु (जस्तै विश्व पशु स्वास्थ्य संगठन (WOAH)), अन्तर सरकारी संस्थाहरु (IGOs), खाद्य उद्योगहरु, नागरिक समाज, शैक्षिक संस्थाहरु, गैर सरकारी संस्थाहरु (NGOs)) रहेका छन् । CAC ले खाद्य स्वच्छता र गुणस्तरसंग सम्बन्धित मापदण्ड, कार्यविधि र आचार संहिताहरु बनाउँदा सहकार्य, समावेशीता र पारदर्शीता अवलम्वन गर्दछ। ती मापदण्ड, कार्यविधि र आचार संहिताहरुको संग्रहलाई "Codex Alimentarius" वा "Food Code" भनिन्छ।

Codex प्रावधानहरु किन महत्वपूर्ण छन्?

Codex Alimentarius ले खाद्य पदार्थमा २०० भन्दा बढी मापदण्डहरु, १४० कार्यविधिहरु र ६० आचार संहिताहरु तथा १०,००० भन्दा बढी रसायनका अवशेषको अधिकतम सिमा (खाद्य योगशील, जीवनाशक विषादीको अवशेष, पशु चिकित्सा औषधिको अवशेष र कन्टामिनेन्ट) निर्धारण गरेको छ। यी मापदण्ड, कार्यविधि र आचार संहिताहरुले समग्रमा खाद्य पदार्थको उत्पादन देखि उपभोगसम्म कसरी स्वच्छ र गुणस्तरीयता कायम गर्न सकिन्छ भन्ने विषयमा नीति निर्माता र खाद्य व्यवसायीलाई जानकारी गराउँदछ। यसमा खाद्य स्वच्छता कायम गर्न निगरानी र विश्लेषण परिक्षणका विधि पनि समेटिएको छ। कोडेक्स प्रावधानहरुले सदस्य राष्ट्रहरु बिचमा खाद्य नियमन प्रणालीलाई समतुल्य बनाउने आधार तय गर्नुका साथै विश्व व्यापार संगठन (World Trade Organization) अन्तर्गत Satinary and Phytosanitary र Technical Barrier to Trade agreements बमोजिम निष्पक्ष्य व्यापारका लागि सेनेटरी र प्राविधिक प्रावधानहरु (Sanitary and Technical Measures) लाई प्रमुख आधार मानी कार्य गर्दछ।

खाद्य पदार्थ जनित प्रतिजैविक प्रतिरोध (AMR) सम्वन्धी कोडेक्स प्रावधान

खाद्य पदार्थ तथा खाद्य पदार्थ उत्पादन गर्ने वातावारणमा पाइने हानीकारक शुक्ष्म जीवाणुहरुमा प्रतिजैविक प्रतिरोध बढ्दै गएकोले संक्रमित रोगको उपचार गर्न मुस्किल एवं असम्भव हुदै गएको छ। यसलाई सम्बोधन गर्न Codex प्रावधानले खाद्य शृंखलामा AMR संग सम्बन्धित जोखिम न्यूनीकरण र नियन्त्रणका लागि जोखिममा आधारित व्यवस्थापनका विकल्पहरु उपलब्ध गराई प्रभावकारी नीति र रणनीतिहरु विकास र कार्यान्वयन गर्न राष्ट्रहरुलाई मद्दत गर्दछ।

कोडेक्सका बारेमा थप जानकारीका लागि

प्रकाशन: Understanding Codex

अध्ययन सामाग्री: Codex e-learning course

अद्यावधिक जानकारी: Codex Alimentarius website

@FAOWHOCode

Codex प्रावधानहरुले खाद्य पदार्थ जनित AMR न्यूनीकरण तथा नियन्त्रणमा योगदान गर्दछ ।



CODEX AMR संग सम्बन्धित मापदण्डहरु

कोडेक्सले खाद्य श्रृंखलामा AMR सम्बोधन गर्नका लागि खाद्य पदार्थ जनित AMR संग सम्वन्धित तीन वटा मुख्य कोडेक्स प्रावधानहरु विकास गरी सार संग्रह उपलब्ध गराएको छ ।

खाद्य पदार्थ जनित प्रतिजैविक प्रतिरोधको जोखिम विश्लेषण सम्बन्धी कार्यविधि



चित्र १: खाद्य पदार्थ जनित प्रतिजैविक प्रतिरोध विश्लेषणको रुपरेखा

यी कार्यविधिहरुले खाद्य पदार्थ जनित प्रतिजैविक प्रतिरोधको सामना गर्न जोखिम व्यवस्थापकहरुलाई जोखिममा आधारित व्यवस्थित रुपरेखा प्रदान गर्दछ।

यसले राष्ट्रहरुलाई आफूसंग सान्दर्भिक मुद्दाहरुको पहिचान, प्राथमिकीकरण र लक्षित कार्यक्रमहरुको कार्यान्वयन गर्न सक्षम बनाउँछ।

कार्यविधिले:

- खाद्य स्वच्छता सम्बन्धी विषयहरुको क्षेत्र र दायरा परिभाषित गर्न मार्गदर्शन दिन्छ;
- मानव स्वास्थ्यमा खाद्य पदार्थ जनित प्रतिजैविक प्रतिरोधको जोखिम मुल्यांकन गर्ने दृष्टिकोण प्रदान गर्दछ;
- खाद्य शृंखलाका विभिन्न चरणमा जोखिम न्यूनीकरण सम्बन्धमा कहाँ के गर्न सकिन्छ भन्ने उदाहरण सहित उपयुक्त विकल्पबारे सुझाव दिन्छ; र
- संचारको महत्वलाई प्रत्येक कार्यचरणमा प्राथमिकता दिन्छ।

खाद्य पदार्थ जनित प्रतिजैविक प्रतिरोधको जोखिम विश्लेषण सम्वन्धी कार्यविधि

चित्र २: खाद्य पदार्थ जनित प्रतिजैविक प्रतिरोधको एकीकृत अनुगमन तथा निगरानी कार्यक्रम विकास सम्वन्धी मुख्य विषयहरु

यस कार्यविधिहरुले सरकारलाई खाद्य पदार्थ जनित प्रतिजैविक प्रतिरोधको एकीकृत अनुगमन तथा निगरानी सम्बन्धि कार्यक्रम बनाउन सहयोग गर्दछ। यसले निम्न बुदाँहरुमा लचिलो विकल्प दिनका लागि मुख्य विषयको रुपरेखा तयार गरेको छः

- प्रतिजैविक प्रतिरोध (AMR) र प्रतिजैविक पदार्थको प्रयोग (AMU) सम्बन्धि विभिन्न निकायबाट तथ्यांक संकलन गर्न व्यवस्थित र सहकार्य मूलक कार्यक्रमको खाका तयार गर्ने
- खाद्य शृंखलाको उपयुक्त चरणमा प्रतिजैविक प्रतिरोध (AMR) र प्रतिजैविक पदार्थको प्रयोग (AMU) सम्बन्धि तथ्यांक संकलन गर्ने
- मानव स्वास्थ्य, पशु उत्पादन र स्वास्थ्य, बोटविरुवा/ बाली उत्पादन र स्वास्थ्य तथा वातावरणका क्षेत्रहरुबाट संकलन भएका प्रतिजैविक प्रतिरोध (AMR) र प्रतिजैविक पदार्थको प्रयोग (AMU) सम्बन्धि तथ्यांकलाई विश्लेषण गरि एकिकृत गर्ने

खाद्य पदार्थ जनित AMR न्यूनीकरण तथा नियन्त्रण सम्वन्धी आचार संहिता



चित्र ३: खाद्य पदार्थ जनित AMR लाई सम्वोधन गर्न सरोकारवालाहरुको लागि निर्देशित सिद्धान्त र क्रियाकलाप

कोडेक्स आचार संहिता (Code of Practice) मा उल्लेखित सिद्धान्तहरु तथा प्रभावकारी रणनीतिहरुले प्रतिजैविक पदार्थको जिम्मेवारी र विवेकपूर्ण प्रयोग, संक्रमण रोकथाम तथा प्रयोगमा न्यूनीकरण गर्न सम्बोधन गर्दछ ।

यस आचार संहितालेः

- एक स्वास्थ्य दृष्टिकोणलाई जोड दिंदै खाद्य पदार्थ जनित AMR को न्यूनिकरण र नियन्त्रण गर्ने सम्वन्धी सामान्य सिद्धान्तहरु उल्लेख गरेको छ ।
- खाद्य शृंखलाका सरोकारवालाहरु, विशेष गरी आधिकारिक निकाय, खाद्य उत्पादक तथा आधिकारीक वितरक, थोक तथा खुद्रा बिक्रेता, पशु चिकित्सकहरु, बोटविरुवा/ बाली स्वास्थ्य विज्ञहरु र पशुपन्छी तथा बोटविरुवा/ बाली उत्पादकहरुको महत्वपूर्ण भूमिका बारे जानकारी उल्लेख गरेको छ।

सारांश

कोडेक्स एलिमेन्टारियस, अन्तर्राष्ट्रिय खाद्य मापदण्ड, कार्यविधि र आचार संहिताले खाद्य स्वच्छता र निष्पक्ष व्यापारका लागि योगदान पुर्याउँछ । कोडेक्सले खाद्य पदार्थ जनित AMR लाई सम्बोधन गर्न कोडेक्स सदस्य तथा पर्यवेक्षकहरुका लागि कोडेक्स सारसंग्रह सहित विभिन्न कोडेक्स प्रावधानहरु विकास गरेको छ । यस ब्रोसरले खाद्य पदार्थ जनित AMR सम्वन्धी कोडेक्स सारसंग्रहको मुख्य विषयहरुलाई जोड दिएको छ ।

सम्पर्कहरू

codexalimentarius.org

twitter.com/FAOWHOCodex

youtube.com/@UNFAO

Action to support implementation of Codex AMR Texts (ACT) project

ACT now

AMR संग सम्वन्धित कोडेक्सका अन्य प्रावधानहरु

खाद्य पदार्थ जनित AMR लाई न्यूनीकरण र नियन्त्रणमा योगदान पुर्याउने कोडेक्सका अन्य सम्वन्धित प्रावधानहरुः

- *Principles and guidelines for national food control systems* (CXG 82-2013)
- *Working principles for risk analysis for food safety for application by governments* (CXG 62-2007)
- *Principles and guidelines for the conduct of microbiological risk assessment* (CXG 30-1999)
- *Principles and guidelines for the conduct of microbiological risks management (MRM)* (CXG 63-2007)
- *Guidelines for the design and implementation of national regulatory food safety assurance Programmes associated with the use of veterinary drugs in food producing animals* (CXG 71-2009)
- *Principles and guidelines for the establishment and application of microbiological criteria related to foods* (CXG 21-1997)
- *General guidelines on sampling* (CXG 50-2004)
- *Maximum residue limits (MRLs) and risk management recommendations (RMRs) for residues of veterinary drugs in foods* (CX/MRL 2-2021)
- *General principles of food hygiene* (CXC 1-1969)
- *Code of hygienic practice for meat* (CXC 58-2005)
- *Code of hygienic practice for milk and milk products* (CXC 57-2004)
- *Code of hygienic practice for eggs and egg products* (CXC 15-1976)
- *Code of hygienic practice for fresh fruits and vegetables* (CXC 53-2003)
- *Code of practice on good animal feeding* (CXC 54-2004)

केहि अधिकार सुरक्षित।
यस कार्य सम्वन्धी सामाग्री CC BY-NC-SA 3.0 IGO अनुमतिपत्र अन्तर्गत उपलब्ध छ।

आर्थिक सहयोग
खाद्य तथा औषधी स्वच्छता मन्त्रालय
गणतन्त्र कोरिया

© FAO, 2025
CC8716NE/03.25